# बेलौरी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
बेलौरी, कञ्चनपुर
सुदूरपश्चिम प्रदेश, नेपाल


प.सं.:- २०८३।०८४
च.नं.:-

मिति – २०८३।०४।१९ गते

युवा जलवायु कार्य कोष (YCAF) अन्तर्गत लघु-आयोजना प्रस्ताव (Project Proposals) आह्वान सम्बन्धी सूचना

ब्लुमबर्ग फिलान्थ्रोपिज (Bloomberg Philanthropies) को सहयोगमा यस बेलौरी नगरपालिकामा सञ्चालित युवा जलवायु कार्य कोष (Youth Climate Action Fund - YCAF) कार्यक्रम अन्तर्गत नगर क्षेत्रका युवाहरूलाई जलवायु परिवर्तन, वातावरण संरक्षण तथा प्रविधिसँग जोड्दै नवीन सोच (Innovative Ideas) कार्यान्वयन गर्न प्रोत्साहन गर्ने उद्देश्यका साथ प्रस्ताव आह्वान गरिएको छ। यस नगरपालिकाभित्रका १५ देखि २४ वर्ष उमेर समूहका युवा, युवा समूह वा युवा नेतृत्वमा सञ्चालित संस्थाहरूबाट देहायका विषयगत क्षेत्रहरूमा आधारित भई लघु-आयोजना प्रस्ताव पेस गर्न आह्वान गरिन्छ।

मुख्य विषयगत क्षेत्रहरू:

1. विपद् व्यवस्थापन (Disaster Risk Reduction): पूर्वसूचना प्रणाली, पूर्वतयारी, खोज तथा उद्धार सामग्री र चेतनामूलक कार्यक्रमहरू।
2. फोहरमैला व्यवस्थापन (Waste Management): स्रोतमै फोहर वर्गीकरण, पुनःप्रयोग (Recycling/Upcycling), र प्लाष्टिकजन्य फोहर न्यूनीकरण।
3. तालतलैया संरक्षण (Wetland Conservation): नगर क्षेत्रभित्रका सीमसार, तालतलैया तथा जलाधार क्षेत्रको सरसफाइ र संरक्षण।
4. पंक्षी संरक्षण तथा जैविक विविधता (Bird Conservation): रैथाने तथा प्रवासी पंक्षीहरूको वासस्थान संरक्षण, कृत्रिम गुँड निर्माण र संरक्षण अभियान।
5. AI तथा आधुनिक प्रविधि (AI & Technology in Climate): जलवायु अनुकूलन, विपद् जोखिम र वातावरणीय तथ्याङ्क सङ्कलन/व्यवस्थापनमा Artificial Intelligence (AI) र डिजिटल प्रविधिको प्रयोग।
6. दीगो कृषि (Sustainable Agriculture): प्राङ्गारिक कृषि, थोपा सिँचाइ, जलवायु अनुकूलित खेती प्रणाली र युवा कृषि उद्यमशीलता।
7. वृक्षारोपण तथा जैविक बार (Afforestation & Bio-fencing): फलफूल तथा बहुवर्षीय रूख रोपण र वन्यजन्तु नियन्त्रण/किनारा संरक्षणका लागि जैविक बार (Bio-fencing) प्रवर्द्धन।
8. दिगो विकास तथा वातावरण संरक्षण (Sustainable Development): नवीकरणीय ऊर्जाको प्रवर्द्धन, हरित विद्यालय/समुदाय अवधारणा र दिगो विकास लक्ष्य (SDGs) सँग जोडिएका वातावरण मैत्री पहलहरू।

योग्यता तथा अन्य सर्तहरू:

- उमेर हद: १५ देखि २४ वर्षसम्मका बेलौरी नगरपालिकाका स्थायी बासिन्दा युवाहरू।
- प्रस्ताव पेस गर्ने अन्तिम मिति: सूचना प्रकाशित भएको मिति २०८३।०५।३० गते भित्र।
- प्रस्ताव पेश गर्ने: नगरपालिकाको विपद् व्यवस्थापन शाखा ।
- सम्पर्क व्यक्ति श्री अशोक पाण्डेय (विपद् सम्पर्क व्यक्ति) फोन नं - ९८४८७५४००८, ९८०१३८५६७४

२०८३।०४।१९
खेमराज जोशी
प्रमुख प्रशासकीय अधिकृत